NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

## द कार्टर सेन्टर अर्न्तराष्ट्रिय पर्यवेक्षण नियोग, नेपाल

## प्रथम अन्तरिम प्रतिवेदन

**२६ अगस्ट २००९**

सम्पर्क:
**एटलान्टामाः डेबोरा हेक्स, +४०४-४२०-५१२४**
**काठमाडौंमाः स्यारा लेभिट-शोर, +९७७ १ ४४४-५०५५/१४४६**

**<u>मूल सारांश</u>**

बितेका तीन वर्षमा नेपालले शान्ति र समावेशी प्रजातन्त्रको मार्गमा उल्लेख्य प्रगति हासिल गरेको छ, तर प्रक्रियाको भविष्यमा अहिले प्रश्नचिन्ह लागेको छ । सन् १९९० को झल्को दिने गरि, संविधानको खाका कोर्ने, शान्ति प्रक्रिया, र आधारभूत सरकारी सेवा व्यवस्थाको मूल्यमा राजनैतिक नेताहरु काठमाडौंमा शुन्यजोड शक्तिको राजनीतिमा केन्द्रित छन् । काठमाडौंको वर्तमान राजनैतिक गतिरोधले विस्तृत शान्ति सम्झौता र सम्बन्धित अन्य सम्झौताहरुले निर्दिष्ट गरेका साझा एजेन्डालाई चिन्ताजनक दुरीतर्फ लगिरहेको छ । यसै समयमा, स्थानिय तहमा बढिरहेका चुनौतिहरुलाई विशाल रुपमा वेवास्ता गरिँदैछ ।

सन् २००९ को जुन देखि द कार्टर सेन्टरले अवरोध र तिनको निराकरणका अवसर पत्ता लगाउन नेपालको संवैधानिक र शान्ति प्रक्रियाको पर्यवेक्षण गरेको छ । सेन्टरको अन्तर्राष्ट्रिय मतदान पर्यवेक्षण प्रयोजनलाई पछ्याउँदै सेन्टरले नौ विभिन्न देशका १५ दीर्घकालीन पर्यवेक्षकलाई नेपालको पाँचै विकासक्षेत्रमा खटाएको छ । कार्टर सेन्टरले प्रमुख संबैधानिक तथा शान्ति प्रक्रियाका मुद्दाहरुको पर्यवेक्षण जिल्ला सदरमुकामबाट मात्र नभै गाउँ तहसम्म पुगेर गर्छ । यो प्रतिवेदन द कार्टर सेन्टरको राजनैतिक दलहरु, सरकारी अधिकारीहरु, सुरक्षा अधिकारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, सिमान्तकृत समुहहरु, अन्तर्राष्ट्रिय समूदायका सदस्यहरु र सर्वसाधारण नागरिकलगायत सरोकारवालाहरुसँग भएको भेटघाटमा आधारित तथ्य र सिफारिश हो । तपसीलका मुख्य निष्कर्ष तथा सुझावहरु विस्तृत विवरणसहित उल्लेखित छन् ।

## मुख्य निष्कर्षहरुको सारांश

### संवैधानिक प्रक्रिया

१. संविधानसभाले यसको शुरुवातदेखि प्रगति गरेको छ । यद्यपि, कार्टर सेन्टर संविधानको खाका तयार पार्ने प्रक्रियामा भएको ढिलाइप्रति चासो राख्दछ ।

२. राष्ट्रिय स्तरमा राज्य पुनर्संरचनाको मुद्दाका बारेमा सार्वजनिक बहसको अभावले उत्पन्न गरेको रिक्ततालाई स्थानिय तहका जातमा आधारित संस्था तथा अन्य समूहहरुले पूरा गरिरहेका छन् ।

३. साधारणतः, जनता संबैधानिक प्रक्रियाबाट अलग भएका देखिन्छन् र उनीहरु आफ्ना आधारभूत आवश्यकताहरु जस्तै सिंचाई, शिक्षा, स्वास्थ्य, खानाको सुरक्षा, रोजगारी, र "शान्ति" लाई प्राथमिकतामा राख्छन् ।

### शान्ति प्रक्रिया

४. शान्ति प्रक्रियामा केही प्रशंसायोग्य प्रगति भएता पनि महत्वपूर्ण अध्यावधिक जिम्मेवारीहरु सम्बोधन गर्न बाँकी छन् । तीमध्ये प्राथमिकतामा माओवादी लडाकूको समायोजन र पुनर्स्थापनाको प्रतिबद्धताको कार्यान्वयन, अयोग्य लडाकूको तत्काल निष्काशन, विस्तृत शान्ति सम्झौता र हतियार एवं सेना व्यवस्थापनको अनुगमनको सम्झौता अनुरुप नेपाली सेनाको लोकतान्त्रिकरण छन् ।

५. अन्तर्राष्ट्रिय श्रम संगठन आदिवासी र जनजाति जनताको अनुबन्ध १६९ ले सरकारका निम्ति आदिवासी/जनजाति समुदायहरुप्रतिका नयाँ जिम्मेवारीहरु सम्बोधन गरेको छ । तर यो केही जातीय संगठनहरुबाट उनीहरुका गैरकानूनी कार्यको औचित्य सिद्ध गर्न दुरुपयोग भैरहेको छ ।

६. जबकि धेरै जिल्लाहरुमा जग्गा फिर्ता र सुधार वर्तमानमा द्वन्दका स्पष्ट कारकहरु देखिँदैनन्, तर केही क्षेत्रहरुमा ती मुद्दाहरुले विवाद र हिंसा बढाइरहेका विवरण प्राप्त भएको छ ।

७. स्थानिय शान्ति समिति निर्माण गर्ने सम्बन्धमा प्रगति हासिल भएको छ; तथापि; धेरै जिल्लाहरुमा राजनीतिकरणले यसको कार्यलाई बाधा गरेको छ ।

८. द्वन्द-प्रभावित व्यक्तिहरुलाई राहत प्रदानको कार्य धेरै जिल्लामा जारी छ; तथापि, केही क्षेत्रमा यो चासोको विषय भएको जानकारी छ ।

### सुरक्षा वातावरण

९. केही जातीय संगठनहरुको बढ्दो आक्रामकताले सुरक्षालाई चुनौति दिएको छ

१०. वाइसिएल हिंसा सबै क्षेत्रमा घटेको प्रतित हुन्छ, तर प्रमुख घटनाहरु घटिनै रहेको जानकारी छ । वाइसिएल र युथफोर्सका क्रियाकलापहरु अब आर्थिक प्राप्ति लक्ष्यतिर बृद्धि भैरहेको देखिन्छ ।

११. राजनैतिक सम्बन्धनप्राप्त व्यक्तिहरुका लागि कानूनको पालना कमजोर हुनु राजनैतिक दण्डहीनता संस्कारको को पुरानै निरन्तरता हो ।

१२. विशेष गरी तराइमा सशस्त्र समूहका कृयाकलापहरुले सुरक्षा बातावरणलाई हैरान बनाइरहेका छन् । प्रहरीको प्रभावकारिताका केही पक्षहरु भेटिए पनि, केही यस्ता समूहहरु छन् जसले सरकारको नयाँ सुरक्षा नीतिप्रति चासो देखाएका छन् ।

## मुख्य सुझावहरुको सारांश

- संविधानको खाका कोर्ने प्रयासमा बल पुऱ्याउन, शान्ति प्रक्रियाको कार्यान्वयन गर्न र आधारभूत शासनलाई अगाडी बढाउन सबै मुख्य राजनैतिक दलहरु सम्मिलित एउटा राष्ट्रिय एकताको सरकार निर्माण गर । अन्ततः यो नै सबै दलको प्रत्यक्ष स्वार्थ हो ।
- प्रस्तावित उच्चस्तरिय शान्ति संयन्त्र र प्रभावकारी शान्तिप्रक्रिया अनुगमन संयन्त्रलाई सक्रिय बनाउ ।
- तत्कालै अयोग्य माओवादी लडाकुहरुको निष्काशन प्रक्रिया शुरु गर ।
- सबै प्रमुख दलहरुको सहभागितामा सेना समायोजन विशेष समितिलाई सक्रिय बनाउ ।
- संविधानसभाको संवैधानिक समितिको अध्यक्ष निर्वाचित गर ।
- राज्य पुनर्संरचनाको मुद्दामा सम्बन्धित सीमान्तकृत समूहको धारणा लिन प्रभावकारी उपायको खोजी गर ।
- स्थानिय तहमा धैरै पटक उठाइएका विवादास्पद संवैधानिक मुद्दाहरुमा नागरिकहरुको धारणा स्पष्ट र सीधा तरिकाले माग ।
- जनतालाई आइएलओ १६९ को सम्बन्धमा नेपालको प्रतिबद्धताको बारेमा बृहत र यथार्थ जानकारी देउ ।
- विस्तृत शान्ति सम्झौतामा भएका प्रतिबद्धता अनुरुप बिनाशर्त सम्पत्ति फिर्ता र वैज्ञानिक भूमिसुधार नीति निर्माण गर ।
- स्थानिय शान्ति समितिहरुको अध्ययन गरि तिनको सफलताको लागि उपयोगी तथ्यहरुको पुनर्उपयोग गर्ने प्रयत्न गर ।
- यो सुनिश्चित गर कि हाल जारी क्षतिपूर्ति प्रक्रियामा द्वन्द पीडित व्यक्तिहरुले निष्पक्ष व्यवहार पाउँछन् र प्रक्रिया पारदर्शी एवं उत्तरदायी छ ।
- राजनैतिक सम्बन्धन प्राप्त गरेका भए पनि, आपराधिक क्रियाकलापमा लागेका व्यक्तिलाई कानूनी कारबाही चलाउ ।
- सरकारको नयाँ सुरक्षा नीति कार्यान्वयन गर्दा सबै खालका मानवअधिकारका मापदण्डलाई पालना गर ।

### क. राष्ट्रिय निष्कर्षहरु

संविधानसभाले यसको शुरुवातदेखि नै प्रगति गरेको छ तर कार्टर सेन्टर संविधानको खाका तयार पार्ने प्रक्रियामा भएको ढिलाइप्रति चासो राख्दछ । समग्रमा, आधारभूत सिद्धान्तको अवधारणामा प्रमुख राजनैतिक दलहरुबीचको समझदारीको अभावले संविधानसभालाई प्रभावकारी ढंगले कार्य गर्न अप्ठेरो बनाएको छ । संविधानसभा समयतालिका यस अघि नै पाँच पटक परिवर्तन भैसकेको छ र छैठौं परिवर्तन हुने सम्भावना छ जबकि ११ मध्ये पाँच समितिहरुले मात्र आफ्नो अवधारणापत्र तयार पारेको र ६ सेप्टेम्बरको म्याद नजिकै आएको अवस्था छ । विवादास्पद मुद्दाहरु जस्तै राज्यको पुनसंरचना, सरकारको प्रणाली र प्राकृतिक सम्पदाको नियन्त्रणमा आम सहमति बन्न नसक्दा थाँती लागिरहेका देखिन्छन् । अहिलेसम्म संविधानसभाको

समयतालिकाको ढिलाईलाई दोश्रो तथा अन्तिम सार्वजनिक छलफलको लागि छुट्याइएको अवधिको महत्वपूर्ण भागहरुलाई काटेर मिलाइएको छ, यो संविधानसभाको समावेशी प्रक्रियाप्रतिको प्रतिबद्धता सुनिश्चितताको लागि चिन्ताजनक अवरोध हो । यसैबखतमा, बुझाइएका अवधारणापत्रहरुमध्ये धेरैमा मुख्य मुद्दाहरुमा फरक मत (नोट अफ डिसेन्ट) छन्, यसले ती समितिहरुमा मतैक्यता अझै नभएको संकेत गर्छ । यस अलावा, संविधानको पहिलो मस्यौदा तयार गर्ने जिम्मेवारी पाएको संवैधानिक समिति लगभग तीन महिनादेखि अध्यक्षविहीन भएर कार्यहीन बनेको छ जसले प्रमुख दलहरुको संवैधानिक प्रक्रियाप्रति कम प्राथमिकताको सोझो संकेत गर्दछ ।

यस अलावा, अहिले सम्म शान्ति प्रक्रियामा केही प्रशंसायोग्य प्रगति भएका भएता पनि महत्वपूर्ण अध्यावधिक जिम्मेवारीहरु सम्बोधन हुन बाँकी छन् । तीमध्ये प्राथमिकतामा माओवादी लडाकूको समायोजन र पुनर्स्थापनाको प्रतिबद्धताको कार्यान्वयन, अयोग्य लडाकूको तत्काल निष्काशन र विस्तृत शान्ति सम्झौता (बुँदा ४.४ र ४.७) र हतियार एवं सेना व्यवस्थापनको अनुगमनको सम्झौता (बुँदा ४.१.३ र ४.२.१) अनुरुप नेपाली सेनाको लोकतान्त्रिकरण छन् । यस अलावा, थुप्रै महत्वपूर्ण आयोगहरु छन् जसको स्थापना गर्न वा पूर्ण क्रियाशील बनाउन बाँकी छन् जस्तैः वेपत्ताको खोजीसम्बन्धी आयोग, राज्यको पुनर्संरचना सम्बन्धी उच्चस्तरीय आयोग, वैज्ञानिक भूमिसुधार सम्बन्धी अध्ययनको आयोग, राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग र सत्य तथा मेलमिलाप आयोग । द कार्टर सेन्टर शान्ति तथा पुनर्संरचना मन्त्रालयले हालै निरन्तरता दिएको सत्य तथा मेलमिलाप आयोगको विधेयकको मस्यौदामाथिको सुनुवाइबाट उत्साहित भएको छ ।

समग्रमा, विस्तृत शान्ति सम्झौता तथा अन्य सम्झौताहरुको प्रगति मूल्यांकनको लागि अधिकारसम्पन्न अनुगमन निकाय निर्माण गर्ने असमर्थताले दलहरुलाई उनीहरुले पूरा गर्न महत्व नदिएका वचनबद्धताबाट पन्छिन खुला गरेको छ । अझ, राजनीतिज्ञहरुबाट बारम्बारका विस्तृत शान्ति सम्झौता तथा अन्य सहमतिभित्रका स्पष्ट प्रतिबद्धताबाट पछाडि हट्ने अभिव्यक्तिले अविश्वासको वातावरण बृद्धि गर्दै अतिवादीहरुलाई बलियो हुने मौका दिँदैछन् । विभिन्न श्रोतहरुले भन्छन् कि नेपाल सहमतिको राजनीतिबाट द्वन्दको राजनीतितर्फ लाग्दैछ - निश्चित रुपले एक पाइला पछाडि ।

विगतका केही वर्षका ऐतिहासिक सफलताहरुले नेपालका राजनैतिक व्यक्तित्वहरुले एउटा साझा लक्ष्यको लागि सँगै काम गरे ठूला चुनौतिहरु पार गर्न सक्छन् भन्ने स्पष्ट प्रमाण दिएका छन् । अब समय भएको छ कि संविधानको मस्यौदा तयार गर्न र शान्ति प्रक्रियालाई अघि बढाउन सार्वजनिक तथा व्यक्तिगत रुपले विगतका प्रतिबद्धताहरुलाई ताजा बनाउनु पर्छ । महान आदर्श वा साधारण आत्मचाहना जेसुकैले जागरुक गरे पनि सबै सम्बन्धित सरोकारवालाहरुले नेपालको यो समयको राजनैतिक इतिहासमा राजनैतिक सीमान्तताको खतराको पहिचान गर्नु पर्छ । जब सबैतर्फ जायज गुनासाहरु छन् र अरुको सच्चाइमाथि प्रश्न उठाउने कारण छन्, तब सरकार, राजनैतिक दल, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदाय सबै मिलेर यो बुझ्नु जरुरी छ कि चाँडो सम्झौता गर्नुभन्दा अरु कुनै राम्रो बाटो छैन । यसले मात्र नेपालको संक्रमणलाई दीगो शान्ति र समावेशी लोकतन्त्रतर्फको मार्ग प्रशस्त गर्नेछ ।

**ख. स्थानिय तहका निष्कर्षहरुः**

अ) संवैधानिक प्रक्रिया

1. **राष्ट्रिय स्तरमा राज्य पुनर्संरचनाको मुद्दाका बारेमा सार्वजनिक बहसको अभावले बनाएको रिक्ततालाई स्थानिय तहका जातीय संगठन तथा अन्य समूहहरुले पूरा गरिरहेका छन् ।**

समावेशीकरणको व्यवस्थापन खासगरि नेपाल जस्तो विविधताको देशमा असाध्यै अप्ठ्यारो हुन्छ । ऐतिहासिक रुपले, यस्ता धेरै समूहहरु छन् जो नेपालको राज्यसंरचनामा सीमान्तकृत र शक्तिको पहुँचबाट वञ्चित गरिएका छन् । द कार्टर सेन्टरले बारम्बार भन्दै अएको छ कि ती समूहहरु - मधेशी, आदिवासी/जनजाति, दलित, महिला, "पिछडिएका क्षेत्र", धार्मिक अल्पसंख्यक, र अन्यहरुका जायज गुनासाहरुको सम्बोधन सरकार, संविधान सभा, राजनैतिक दलहरु, अन्तर्राष्ट्रिय समुदाय र अन्यले गर्नु जरुरी छ । राज्यको इतिहासमा भएको कुनै पनि निर्वाचित निकायभन्दा संविधानसभालाई बढी समावेशी बनाएर नेपालले प्रशंसायोग्य पहिलो खुड्किलो पार गर्‍यो, तर सरकारको प्रयत्न यसैमा अन्त्य हुँदैन । यी समूहहरुमध्ये धेरैको लागि संघियता र राज्य पुनर्संरचनाको मुद्दा थाँती रहेका ऐतिहासिक अन्यायलाई सम्बोधन गरेर भविष्यका लागि उनीहरुको समूहको अधिकार सुनिश्चितताको लागि संभाव्य अवसर हो ।

यसै समयमा, राष्ट्रिय स्तरमा राज्य पुनर्संरचनाको मुद्दामा थोरै मात्र सार्वजनिक बहस भएको देखिएको छ । साथसाथै, जति थोरै छलफल भएको छ त्यो पनि स्थानिय तहसम्म पुग्न सकेको छैन । यसको परिणामस्वरुप, कार्टर सेन्टरका पर्यवेक्षकहरुले जानकारी दिएका छन् कि देशैभरि सीमान्तकृत समूह र खास जातीय संस्थाहरु राज्य पुनर्संरचनामाथि एकतर्फी बहस चलाउँदैछन् र उनीहरुका आफ्नै खास समूहहरुको अपेक्षा पनि बढाउँदैछन् । ती समूहहरुले आफ्नो आधारभूत अधिकारको आधिकारिक पहिचानदेखि लिएर राष्ट्रिय तथा स्थानिय कार्यालयहरुमा स्थानिय भाषाको प्रयोग, बहु नागरिकताका प्रमाणपत्र, नीतिनिर्माण विकासमा अधिकार तथा प्राकृतिक स्रोतमा नियन्त्रण, स्वायत्त जातीय राज्य जस्ता मागहरु उठाउँदैछन् । यो अस्पष्ट छ कि यी सबै संस्थाहरुलाई तल्लो तहको समर्थन छ अथवा यस्था संस्थाहरु यथार्थमा स्थानिय सक्रिय विशिष्ट वर्गबाट संचालित छन् । तर यो स्पष्ट छ कि स्थानिय तहमा राज्य पुनर्संरचनाको बहसमा यी प्रभावशाली आवाजहरु हुन् ।

बितेका कम्तीमा २ महिनामा, गुरुङ, लिम्बु, नेवार, तामाङ, थारु, मधेशी र अन्य जातिमा आधारित समूहलाई प्रतिनिधित्व गर्ने संस्थाहरुले थुप्रै सार्वजनिक क्रियाकलापहरु जस्तै बन्द, सामुहिक छलफल, र प्रतिक चिन्ह टाँस्ने भित्ते लेखन कार्यहरु गरेका छन् जसले उनीहरुको स्वायत्त जातीय, भाषिक अथवा सांस्कृतिक संघीय राज्यको मागलाई प्रोत्साहन गर्छन् । एनेकपा(माओवादी) समर्थित नेवा संयुक्त संघर्ष समिति र ताम्सालिङ संयुक्त संघर्ष समितिले काठमाडौं उपत्यकाभित्र जुन महिनामा आयोजना गरेका बन्दहरु सरकारलाई उनीहरुको स्वायत्त राज्य बनाउनको लागि दवाव श्रृजना गर्न गरिएका थिए । लमजुङ जिल्लाको तमुवान स्वायत्त राज्य समितिले भ्रमणकर्ताहरुको लागि स्वागतार्थ "तमुवान स्वायत्त राज्य" को ठूलो बोर्ड खडा गरेका छन् । संघीय लिम्बुवान राज्य समिति - लिङदेन समूहले हालै पूर्वका ९ जिल्लाहरुमा छलफल र प्रतिक्रियाका लागि लिम्बुवान संघीय राज्यको संविधान मस्यौदा प्रकाशित गरेको छ । क्षेत्रीय पहिचानहरु पनि अगाडि देखिँदैछन्

जस्तै दोलखा जिल्लाभित्र छिर्ने गेटमा एउटा शेर्पा समूहले “हिमालयन राज्यमा स्वागत छ” को साइन पोस्ट राखेको छ । केही समूहहरु आफ्नो प्रयासलाई अन्य जातीय समूहहरुसँगै मिलाएर आफ्नो स्थिति बलियो बनाउन लागि परेका छन् । लक्ष्मण थारुले नेतृत्व गरेको संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्चले आ-आफ्नो स्वायत्त राज्यको पक्षमा वकालत गरिरहेका नौ जातीय समूह (संघीय लिम्बुवान राज्य समिति, तामाङसालिङ स्वायत्त राज्य समिति, थरुहट स्वायत्त राज्य समिति, खम्बुवान स्वायत्त राज्य समिति, मगरात स्वायत्त राज्य समिति, नेपामण्डल स्वायत्त राज्य समिति, तमुवान स्वायत्त राज्य समिति, खसान स्वायत्त राज्य समिति र मिथिला स्वायत्त राज्य समिति) को प्रतिनिधित्व गर्छ । यो समूहले अहिले देशव्यापी विरोध कार्यक्रमको योजना बनाइरहेको जानकारी आएको छ ।

सम्भवतः आफ्नोपन महसुस नहुने कुनै ठूलो राज्यभित्र समेटिने डर र स्वायत्त जातीय राज्यको हाँकले अन्य समूहहरुलाई पनि साना क्षेत्रको लागि दावी गर्न प्रोत्साहित गरिरहेको देखिन्छ । प्राप्त विवरण अनुसार दोलखाका थामी, सुरेल र जिरेल समुदायले ताम्सालिङ राज्यभित्र स्वायत्तताको व्यवस्थाको माग गर्न शुरु गरेका छन् । विवरण अनुसार मोरङ जिल्लाको राजवंशी समुदायले एउटा अलग्गै “विराट संघीय राज्य”को माग गरेको छ । र पाल्पाका क्षेत्री समुदायले एउटा स्वायत्त क्षेत्रका लागि स्थानिय सरकारमा भर्खरै एउटा निवेदन दायर गरेका छन्, जबकि कास्कीका क्षेत्रीले सरकारी पहिचानको मागका लागि “दवाव कार्यक्रमहरु” आयोजना गर्न रकम खोजीरहेका छन् ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले केही क्षेत्रमा जातीय समूहहरुको प्रयासले सर्वसाधारण नागरिकलाई राज्य-पुनर्संरचनाको अभिप्रायमा हैरानी दिँदै सम्भाव्य नयाँ राज्यहरुमा अल्पसंख्यकको अधिकारको सुरक्षाका लागि चासो दिइरहेको जानकारी पाएका छन् । कास्कीको एउटा मिश्रित-जातीय गाविसका गुरुङ नागरिकहरुले कार्टर सेन्टरका पर्यवेक्षकसमक्ष उनीहरुका गैर-गुरुङ छिमेकीहरुको भाग्यको बारेमा उनीहरुलाई तमुवान संघीय राज्य छोड्न बाध्य पारिन्छ कि भनेर भय प्रकट गरेका छन् । मोरङमा अन्तर्वार्ता गरिएका मुस्लिमहरुले यदि तराइ एउटै सांस्कृतिक बहुमतद्वारा शासित विभिन्न राज्यमा विभाजित भएमा उनीहरुको आवाज खास गरी चुनावको समयमा वेवास्ता हुन्छ भन्ने बारेमा चासो देखाए । दोलखामा अन्तर्वार्ता गरिएका ब्राम्हण, क्षेत्री र दलितहरुले उनीहरुले जातीय राज्य नपाउने भएकाले संघीयताको छलफलबाट अलग गरिएको महसुस गरेको बताए । समग्रमा, धेरै साना समानतामा आधारित समूहहरुको विभाजनले नेपालको अनेकता तथा बहु-सांस्कृतिक जनसंख्यालाई सकारात्मक पहिचान दिने सम्भावना त देखाउँछ तर केन्द्रिय सरकारबाट प्रभावकारी व्यवस्थापन हुन नसकेमा राज्यको सामाजिक संरचनामा नकारात्मक परिणामको सम्भाव्य खतरा पनि देखिन्छ । पहिचानमा आधारित समूहहरुको चासोको अप्रभावकारी व्यवस्थापनले राष्ट्रिय राजनैतिक दलहरुलाई कमजोर बनाउने र जातीय र राजनैतिक क्षेत्रीयतालाई बलियो बनाउने सम्भावना छ ।

२. **साधारणतः, जनता संवैधानिक प्रक्रियाबाट अलग भएका देखिन्छन् र उनीहरु आफ्ना आधारभूत आवश्यकताहरु जस्तै सिंचाई, शिक्षा, स्वास्थ्य, खानाको सुरक्षा, रोजगारी, र “शान्ति” लाई प्राथमिकतामा राख्छन् ।**

द कार्टर सेन्टर संवैधानिक प्रक्रियामा भएका उल्लेखनिय र प्रशंसनिय प्रयासहरु मुख्यतः गैरसरकारी संस्थाहरुले जनतालाई संवैधानिक प्रक्रियाको बारेमा बताएको र यसमा समावेश गराएकोमा सशक्त रुपमा स्वागत गर्दछ । यद्यपि संविधानसभाअघिका प्रयासहरुको तुलनामा साधारण नागरिककासामु संवैधानिक सचेतना कार्यक्रमहरुको पहुँच धेरै सीमित देखिन्छ र कार्टर सेन्टरका पर्यवेक्षकहरुले स्थानिय तहमा संवैधानिक सामग्रीहरु न्यूनदेखि हुँदै नभएको पाइएको विवरण दिएका छन् । साथै, ठुला राजनैतिक नेताहरुले संवैधानिक प्रक्रियालाई कम प्राथमिकता दिएको देख्न सकिन्छ जसले स्थानिय तहमा जनताको कम सहभागितालाई प्रश्रय दिएको छ ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले पाएका नागरिक सचेतनासम्बन्धी धेरै राम्रा सकारात्मक उदाहरणहरुमध्ये संवैधानिक प्रक्रियासँग सम्बन्धित रेडियो कार्यक्रम छन् जसमा संविधानसभा सदस्यले श्रोताहरुको प्रश्नको जवाफ दिन्छन् । उदाहरणको लागि, चाँदनी नेपाल नामक रुपन्देहीको एउटा स्थानिय गैरसरकारी संस्थाले तयार पारेको एउटा साप्ताहिक रेडियो कार्यक्रम रुपन्देही, नवलपरासी र कपिलवस्तुमा प्रसारण हुन्छ र संविधानसभा सदस्यहरुले नयाँ संविधानको बारेमा स्थानिय प्रश्नहरुलाई सम्बोधन गर्छन् । धेरै जिल्लाहरुका अन्य स्थानिय संवैधानिक रेडियो कार्यक्रमहरु तुलनात्मक रुपमा श्रोता र प्रस्तोताहरुको बीचमा वार्तालापको अवसर नपाएको र प्राविधिक भाषाको अत्यधिक प्रयोगको लागि आलोचित छन् । धेरै सर्वसाधारण नागरिक भन्छन् उनीहरु यी कार्यक्रम प्रसारण भएको बेला या त खेतमा काम गरिरहेका हुन्छन् या यी कार्यक्रम बुझ्दैनन् त्यसैले उनीहरुको इच्छा हराउँछ । द कार्टर सेन्टरले संविधानसभा वा जनतासमक्ष नागरिक मतहरु (जनमत) संकलन गर्ने र बुझाउने धेरै समूहहरुको बारेमा सकारात्मक विवरण सुनेको छ । यद्यपि, संविधानसभामा सुझाव बुझाउने धेरै समूहहरुले उनीहरुका सुझाव बुझिएको स्वीकारोक्ति पाएका छैनन् - एउटा साधारण पाइला जसले संविधानसभा र स्थानिय नागरिक समाज बीचको सार्वजनिक सम्बन्धलाई सहयोग पुऱ्याउने थियो ।

यस अलावा, फेब्रुअरी र मार्च २००९ को संविधानसभा मत सर्वेक्षण प्रशंसायोग्य आरम्भ थियो । यसले संविधानसभा सदस्यहरुलाई उनीहरुको क्षेत्रमा व्यस्त गराउन सहयोग गऱ्यो । तथापि, कार्टर सेन्टरका पर्यवेक्षकहरुबाट अन्तर्वार्ता गरिएका अधिकांश नागरिकहरुले प्रश्नपत्रहरु धेरै लामो, प्राविधिक र जटिल भएको महसूस गरे; उनीहरुको मत समाविष्ट हुन्छ भन्नेमा शंका माने; अनि कतै कतै राजनैतिक दलहरुले प्रक्रियामा प्रभुत्व जमाएको वा खराब संचालन गरेको गुनासो समेत गरे । एउटा महत्वपूर्ण संख्याका नागरिकहरु या त मत सर्वेक्षण भएको विषयमा अनभिज्ञ थिए या उनीहरुको मतलाई महत्व दिन प्रशस्त प्रयास नभएको महसुस गरेका थिए । केही जनताहरु प्रश्नपत्रमा प्रयोग गरिएको भाषाप्रति दुखि थिए, जस्तै कपिलवस्तुमा थोरै जनताले मात्र नेपाली फारामहरु बुझे र अत्यधिकले स्थानिय भाषामा भर्न मन पराए ।

अन्त्यमा, भ्रमण गरिएका हरेक जिल्लाका बासिन्दाले सबै राजनैतिक र संवैधानिक मुद्दाहरुमध्येबाट आधारभूत आवश्यकता जस्तै सिंचाई, शिक्षा, स्वास्थ्य, खानाको प्रत्याभूति, रोजगारी, र "शान्ति" लाई पटक पटक प्राथमिकतामा पारे । धेरै नागरिकहरु संविधान लेखिन्छ भन्नेमा आशावादी छन् किनकी उनीहरुको आशा छ कि यसले स्थानिय तहमा निश्चित परिवर्तन ल्याउनेछ, जस्तै बसको भाडा घट्ने छ वा कृषकहरुको लागि कृषिको विकास सहयोगमा बृद्धि हुनेछ । सुशासन र आधारभूत सेवासँग संविधानलाई दाँज्ने नागरिकहरुको हकमा राजनैतिक नेताहरुले आशाको संकट सामना गर्छन्, जसले ठूलो सार्वजनिक असन्तुष्टिको खतरा निम्त्याउन

सक्नेछ । वर्तमान राजनैतिक नेताहरुले जनताका आकांक्षाहरु पूरा गर्न वा व्यवस्थित गर्न एउटा मार्ग पत्ता लगाउनु अपरिहार्य छ नत्र शान्तिको लाभांश चाहिरहेका जनताको समर्थन गुमाउने खतरा छ र धेरै जनता वैकल्पिक शक्तितर्फ लाग्न इच्छा गरिरहेका छन् ।

**आ. शान्ति प्रक्रिया**

**३. अन्तर्राष्ट्रिय श्रम संगठन आदिवासी र जनजाति जनताको अनुबन्ध १६९ ले सरकारका निम्ति आदिवासी/जनजाति समुदायहरुप्रतिका नया" जिम्मेवारीहरु व्यक्त गरेको छ । तर यो केही जातीय संगठनहरुबाट उनीहरुका गैरकानूनी कार्यको औचित्य सिद्ध गर्न दुरुपयोग भैरहेको छ ।**

नेपाल सरकार र जनजातिबीचको ७ अगस्ट २००७ को सहमतिको बुँदा ११ बमोजिम आइएलओ १६९ लाई नेपालले सेप्टेम्बर २००७ मा अनुमोदन गरेको थियो । अनुबन्धले आदिवासीको बढ्दो अधिकारहरुलाई प्रत्याभूत गर्छ जसमा जमीनको प्रयोग, प्राकृतिक स्रोत, स्थानिय विकासमा सहभागिता र उनीहरुलाई प्रत्यक्ष असर पार्न सक्ने नीतिनिर्माण र प्रशासनिक मापकहरुमा सहकार्य पर्छन् । सबै क्षेत्रका जातीय संगठनहरुले आइएलओ १६९ को महत्वलाई उठाएका छन् । केही जिल्लाहरु जस्तै मोरङ र दोलखामा जातीय संगठनहरुले आइएलओ १६९ अनुरुपका उनीहरुका अधिकारको बारेमा उनीहरुका समुदायलाई शिक्षित गराउन शान्तिपूर्ण कदम चालिरहेका छन् र यो दस्तावेजलाई सरकारसँगको वार्तामा वकालत गर्ने औजारको रुपमा प्रयोग गर्न चाहन्छन् । सरकारले आफ्नो तर्फबाट "आइएलओ १६९ कार्यान्वयन कार्यदल" को निर्माण गरेको छ जसले नेपालले अनुबन्धको अवधारणालाई कसरी पालना गर्ने भन्ने प्रतिवेदनमा  काम गर्दैछ । यद्यपि, संवैधानिक प्रक्रियाको जस्तै केन्द्रिय तहबाट आइएलओ १६९ को कार्यान्वयनसम्बन्धी सूचनामा भएको वर्तमान कमीलाई केही स्थानिय तहका संगठनहरुले दुरुपयोग गरिरहेका छन् । उदाहरणका लागि, भ्रमण गरिएका केही जिल्लाहरुमा कार्यकर्ताहरुले अनुबन्धलाई गैरकानूनी कृयाकलापको औचित्य दर्शाउन स्थानिय सरकारी मुद्दाहरुमा हस्तक्षेप गरिरहेको कार्टर सेन्टरका पर्यवेक्षकहरुले जानकारी गराएका छन् । जस्तै, कैलाली जिल्लामा थारु स्वायत्त राज्य समितिले सार्वजनिक टेण्डर आव्हान गरेका छन् र प्राकृतिक सम्पदाको प्रयोगवापत कर संकलन गरेका छन् । कार्टर सेन्टरका पर्यवेक्षकले जानकारी दिएका छन् कि ६ अप्रिल २००९ को मितिको एउटा सूचना कैलाली जिल्लाको एउटा गाविसको ढोकामा टाँसिएको थियो जसमा गाविस सचिवले प्राकृतिक स्रोतको कर संकलन नगर्ने र थारु स्वायत्त राज्य समितिले आइएलओ १६९ अनुरुप गर्नु पर्ने दावी गरिएको थियो । जुलाईमा थारु स्वायत्त राज्य समितिले स्थानिय पत्रिकाहरुमा प्राकृतिक स्रोतसम्बन्धी सबै सार्वजनिक टेण्डरहरु जिल्ला विकास समिति र गाविसमा नभै उनीहरुसामू ७ दिनभित्र पेश गरियोस् भनेर प्रकाशित गरेका थिए । दाङ जिल्लामा थारु स्वायत्त राज्य समितिले नदीबाट ढुंगा निकाल्ने सम्बन्धी टेण्डरको सूचना प्रकाशित गरिरहेका छन् ।

**४. जब कि धेरै जिल्लाहरुमा जग्गा फिर्ता र भूमिसुधार अहिलेसम्म द्वन्दका स्पष्ट कारकहरु देखि"दैनन् तर केही क्षेत्रहरुमा भने यी मुद्दाले विवाद र हिंसा बढाइरहेको विवरण प्राप्त भएको छ ।**

स्थानिय तहमा जग्गाको मुद्दाका चुनौतिहरु जटिल छन् र विस्तृत शान्ति सम्झौता (बुँदा ३.७ र ५.१.८) तथा अन्य सहमतिहरुमा उल्लेख भएबमोजिम प्रभावकारी संरचना एवं राम्रोसँग कार्यान्वयन भएको सम्पत्ति फिर्ता

प्रक्रियाको साथै भूमिसुधार नीतिको निर्माणको आवश्यकता देखिन्छ । तराईमा खासगरि सम्पत्तिको गैरकानूनी वितरण एनेकपा(माओवादी) का कार्यकर्ताको मध्यस्थतामा हुन्छ, अन्नबाली कब्जा गर्ने र निश्चित शर्तमा मात्र फिर्ता गर्ने, र जग्गाधनीहरु घर फर्कँदा एनेकपा(माओवादी) समर्थकहरुको आक्रमणमा पर्ने जानकारी प्राप्त छन् । यद्यपि भ्रमण गरिएका धेरै जिल्लाहरुमा सम्पत्ति फिर्ता प्रक्रिया चालू छ वा समापनतर्फ छ, दाङ, बाँके, बर्दिया, कैलाली, र रुपन्देहीमा अझै पनि एनेकपा(माओवादी) ले पहिले कब्जामा लिएको जग्गाबाट बाली जफत गर्ने वा कब्जा गरेको सम्पत्तिको बिक्रीको नाफाको अंश लिने आरोपहरु अझैं छन् ।

बर्दियामा एनेकपा(माओवादी) जिल्ला इन्चार्ज, प्रमुख जिल्ला अधिकारी (सिडिओ) र अन्य स्थानिय सरोकारवालाहरु सन् २००९ को शुरुवातमै एउटा सहमतिमा पुगे जसमा कब्जा गरिएको जग्गाधनीहरुको सम्पत्ति फर्काउने वाचा गरिएको थियो । एक स्थानिय अधिकारीका अनुसार एनेकपा(माओवादी) ले कब्जा गरेको सम्पत्ति फिर्ता गरेका थिए तथापि स्थानिय एनेकपा(माओवादी) प्रतिनिधिहरु जग्गाधनी र जग्गा कमाउनेको बीचको बाली बाँडफाँडमा जग्गाधनीको भागमा पर्ने परिमाण, जग्गाधनीले खनजोत गर्नै पर्ने जग्गाको परिमाण र नयाँ जग्गा कमाउनेलाई जग्गा दिने विषयको लागि मध्यस्थता गरेको स्वीकार्छन् । दुई गाविसहरुमा कार्टर सेन्टरका पर्यवेक्षकहरुद्वारा अन्तर्वार्ता गरिएकाहरुले भने कि धेरै जग्गाधनीहरु फर्किएका छैनन् र उनीहरुले जग्गा कमाउनेबाट बालीको अंश लिइरहेका छैनन् । कैलालीमा दुई प्रतिष्ठित जग्गाधनीहरुले एनेकपा(माओवादी)को माथिल्लो तहसँग कुरा गरेर जग्गा फिर्ता लिने प्रयास गरे, जसले त्यसबेला जग्गा फर्काइदिने वाचा गरेको जानकारी पाइयो । यद्यपि, तल्लो तहका एनेकपा(माओवादी) का नेताहरुले नमानेको आरोप छ । स्थानिय एनेकपा(माओवादी) प्रतिनिधिहरुले त्यो जग्गा फिर्ता नभएको पक्का गराए तर त्यो "जनता"द्वारा कब्जा गरिएको दावी गरे । एउटा गाविसमा स्थानिय एनेकपा(माओवादी) नेताहरुले जग्गाधनीलाई उनको जग्गा मध्येबाट केही साना किसानलाई दिए जग्गा फिर्ता गर्ने प्रस्ताव गरेको जानकारी पाइयो ।

एनेकपा(माओवादी) प्रतिनिधिबाट प्राप्त एउटा साझा जवाफ यो छ कि केही घटनाहरुमा कब्जा गरिएको जग्गामा मान्छेहरु बसोबास गरिसकेको हुनाले उनीहरुलाई हटाउन सम्भव छैन । धेरै जग्गाहरु साना किसानलाई वितरण गरिएको वा जग्गाविहीनहरुले कब्जा गरेको विवरण प्राप्त भएका छन् । जुन महिनामा, कैलाली जिल्लाका मुक्त कमैयाले उनीहरुको जग्गाको मागमाथि ध्यान खिच्न दुई हप्तासम्म एउटा नगरपालिका भवनमा ताला लगाए । समस्यालाई बुझ्न र सम्बोधन गर्न बैठकहरु भए पनि राजनैतिक दलका नेताहरु र स्थानिय सरकारी अधिकारी भन्छन् कि केन्द्रिय तहबाटै नीतिनिर्माण र निर्णय भएर समाधान निस्किनु पर्छ । कार्टर सेन्टरले पर्यवेक्षण गरेका फरक फरक घटनाले देखाउँछन् कि जग्गाको मुद्दासँग सम्बन्धित चुनौतिहरु स्थानिय तहमा जटिल छन् र न्यायपूर्ण समाधान र जारी द्वन्दलाई भविष्यमा निवारण गर्नको लागि सम्पत्ति फिर्ता र भूमिसुधार नीति हाताहाती हुने खालको हुनुपर्दछ ।

### ५. स्थानिय शान्ति समिति निर्माण गर्ने सम्बन्धमा प्रगति हासिल भएको छ तथापि धेरै जिल्लाहरुमा राजनीतिकरणले यसको कार्यलाई बाधा पुऱ्याएको छ ।

भ्रमण गरेका धेरै जिल्लाहरुमा स्थानिय शान्ति समितिहरु बनाइएका छन् तथापि जिल्लाहरुमा स्थानिय शान्ति समितिको कार्यशैलि फरक छ । केन्द्रिय तहमा दलहरुको विश्वाससहित सँगै कार्य गर्ने असफलता स्थानिय तहको शान्ति समितिहरुको फरक कार्यशैलीको लागि सहायक तथ्य हो । पर्यवेक्षण गरिएका थोरै जिल्लाहरुमा,

शान्ति समितिहरुले स्थानिय मुद्दाहरुलाई सम्बोधन गर्न प्रभावकारी भूमिका निर्वाह गरिरहेका छन् । उदाहरणको लागि जुन महिनामा डडेलधुराको स्थानिय शान्ति समितिले दलका युवा वर्गको बीचको सम्बन्ध सुधारका लागि नेपाली कांग्रेस, एमाले र एनेकपा(माओवादी) को सहभागितामा एउटा कार्यक्रम आयोजना गऱ्यो जसलाई सहभागीहरुले सफल भएको अनुभव सुनाए । जे भए पनि भ्रमण गरिएका अन्य जिल्लाहरुमध्ये धेरैमा स्थानिय शान्ति समितिहरु प्रभावकारी शान्ति कायम गर्नको लागि भूमिका खेलिरहेका पाइँदैनन् र स्थानिय शान्ति समितिको संरचना र त्यसको नेतृत्व सम्बन्धी कारणले उनीहरुको स्थापना र कार्य नै रोकिएको अवस्था छ । दोलखाको स्थानिय शान्ति समिति कार्य गर्न असमर्थ भएको छ किनकि हरेक दलले स्थानिय शान्ति समिति संयोजक आफ्नो दल समर्थक हुन् भन्ने पक्का गर्न चाहन्छन् । कार्टर सेन्टरका पर्यवेक्षकहरुले अन्य जिल्लाहरुमा पनि यस्तै विवादहरु भेटेका छन् । धेरै ठाउँमा स्थानिय शान्ति समितिले द्वन्द-प्रभावित व्यक्तिहरुका लागि क्षतिपूर्तिका रुपमा भूमिका खेल्न बाँकी रहेको देखिन्छ ।

स्थानिय शान्ति समितिका अन्य चुनौतिहरुमध्ये केही घटनाहरुमा स्थानिय शान्ति समितिका सदस्यहरुको बीचमा उनीहरुको भूमिकाबारे स्पष्टताको अभाव; विभिन्न समुहको समावेशी तथा प्रतिनिधित्वको बारेमा गुनासो (कम्तीमा एउटा स्थानिय शान्ति समिति कार्यालयमा यो कारणले ताल्चा लगाइएको थियो); काममा सघाउ पुऱ्याउन प्रशस्त रकमको अभावको आरोप; स्थानिय शान्ति समिति सदस्यको तालिमको अभाव; सन्दर्भका शर्त र खटाइएका कर्मचारीहरुमा बारम्बारको परिवर्तन; र जनताहरुमा चेतना वा इच्छाको अभाव मुख्य देखिन्छन् । केही जिल्लाहरुमा यो बुझिन्छ कि स्थानिय शान्ति समितिका सदस्यहरु उनको बृहत सन्दर्भको शर्तका बारेमा जानकार भए पनि उनीहरु यसलाई अघि बढाउन चाहिरहेका छैनन् र केन्द्रिय तहबाट निश्चित निर्देशनहरु पर्खिरहेका छन् ।

**६. द्वन्द-प्रभावित व्यक्तिहरुलाई सेवा दिने कार्यको प्रक्रिया धेरै जिल्लामा चालु छ तथापि केही क्षेत्रमा यो चासोको विषय भएको जानकारी छ ।**

कार्टर सेन्टरका पर्यवेक्षकहरुका प्रारम्भिक विवरणले दर्शाउँछन् कि भ्रमण गरिएका सबै जिल्लाहरुमा क्षतिपूर्ति प्रक्रिया अघि बढिरहेको छ । केही मुद्दाहरुमा ठूलो संख्याको सरोकारवालाहरुको सहभागिताले (सबै दलहरु, नागरिक समाज, स्थानिय सरकारी अधिकारी) अधिक पारदर्शिता र प्रशस्त निरिक्षण र सन्तुलनलाई मद्दत गर्छ । तथापि, अन्य मुद्दाहरुमा राजनैतिक दलहरुले उनीहरुका आफ्ना समर्थकका निवेदनहरुलाई प्राथमिकतामा पारिरहेको पाइएको छ र राजनीतिक सम्बन्धन प्राप्त व्यक्तिहरुले सजिलैसँग आफ्नो निवेदनहरुमाथिको कारवाही पुरा गराउँछन् भन्ने आरोप छ । बाँकेका एक स्थानिय शान्ति समिति सदस्यले कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई कसले क्षतिपूर्ति पाउने भन्ने कुरामा राजनैतिक सिफारिशयुक्त निवेदनहरु बिना कुनै छलफल स्वीकारिने बताए । अन्य सम्भाव्य चासोहरुमध्ये केही पर्यवेक्षकले दिएको विवरण अनुसार क्षतिपूर्तिको लागि निवेदन धेरै कष्टकर हुन सक्छ र केही परिदृष्यहरुमा बुझ्न अप्ठ्यारो, र सबै द्वन्द-प्रभावित व्यक्तिहरुले एकैनासको क्षतिपूर्ति पाएको देखिँदैन । सम्भवतः त्यस्ता घटनाहरुलाई प्रमाणित गर्न बढ्दै गएको अप्ठ्यारोपनाले गर्दा बेपत्ता वा अपाङ्गका भन्दा मृतकको परिवारलाई बढि प्राथमिकता दिएको देखिन्छ ।

तत्पश्चात, द्वन्द-प्रभावितका लागि सरकारी प्रयासबारेको प्रारम्भिक विवरणमा आर्थिक क्षतिपूर्तिलाई बढि ध्यान दिइएको छ र केही पक्षहरु छाडिएका छन् जस्तै बलात्कार पीडितहरु छाडिएका देखिन्छन् । उदाहरणको लागि

कास्कीमा एउटा स्थानिय गैरसरकारी संस्थाका कारिन्दाले द्वन्दकालमा भएका बलात्कार र अन्य यौन अपराधका घटनाहरुलाई सम्बोधन नगरिएको र धेरै महिला द्वन्दपीडितहरुलाई मनोवैज्ञानिक-सामाजिक परामर्शको आवश्यकता भएको बताएका छन् । बाँकेकी एउटा गैरसरकारी संस्थाकी महिला कारिन्दाले कार्टर सेन्टरका पर्यवेक्षकसँग द्वन्दको बेला उनी प्रताडित भइन् र उनी आफ्नो “स्वास्थ्य” फिर्ता चाहन्छिन् भन्ने बताइन् । सरकारले शारिरीक र मानसिक यातनाबाट प्रताडितहरुका लागि बृहत्तर किसिमले “सहायता” पुऱ्याउने चिन्तन गर्न शायद जरुरी छ । अन्तमा, केही पीडितहरु सरकारको आर्थिक राहत लिन तयार नभएको जानकारी केही पर्यवेक्षकले लिएका छन् किनकि उनीहरुलाई डर छ कि यो उनीहरुलाई न्याय र भविष्यको पूर्ण क्षतिपूर्तिको रुपमा दिइँदैछ ।

**इ. सुरक्षा वातावरण**

**७. केही जातीय संगठनहरुको बढ्दो आक्रामकताले सुरक्षालाई चुनौति दिएको छ ।**

सुसंगठित जातीय समूहहरुमध्ये धेरै स्वायत्त राज्यको दवावको लागि आफ्नो योग्यता बढाउन गैरकानूनी तरिकाहरु अपनाइरहेका देखिएका छन् । यी कृयाकलापहरु केही मात्रामा राज्यको केन्द्रिय तहको कमजोरीका कारण सहज भएका हुन् । उदाहरणका लागि थारु स्वायत्त राज्य समितिले मध्यपश्चिम र सुदुरपश्चिम तराइमा थारु “सेना” निर्माण गरिरहेको जानकारी भएको छ । अन्तर्वार्ता गरिएका एक थारु युवाको शब्दमा, “उनीहरुले हाम्रो अधिकारका लागि काम गर्दैछन् र हाम्रा मुद्दालाई केन्द्रिय तहमा पुऱ्याउनेछन् । उनीहरुले केन्द्रका मान्छेलाई हाम्रो कुरा सुन्ने बनाउनेछन् ।” यसअलावा, अप्रिल र मे २००९ को दुई हप्ते विरोधमा सुदुरपश्चिम क्षेत्रमा थारु कार्यकर्ताहरुले कैलालीका केही गाविस कार्यालयहरु जलाएका र स्थानिय सरकारी अधिकारीहरुलाई धम्की दिएका थिए । परिणामतः, धेरै गाविस सचिवहरुले आफ्नो कार्यसंचालन गर्नका लागि स्थान परिवर्तन गर्नुपऱ्यो । केही गाविस सचिवहरुले  धम्की र जबरजस्तीका व्यवहारहरु विरोधभन्दा पहिले र पछि पनि भोगेका छन् । अन्त्यमा, केही यस्ता विवरणहरु पनि छन् जहाँ पूर्वाञ्चल क्षेत्रका लिम्बु र किँरात समूहहरु दबावमूलक चन्दा, अनैतिक कर, समूहगत झडप र अन्य जातीय समुदायलाई धम्की दिने लगायतका अनैतिक कार्यमा संलग्न भएको आरोप छ । संघीय लिम्बुवान स्वायत्त राज्य समिति-सञ्जुवान समूहले माओवादीहरुले द्वन्दकालमा गरेजस्तै “पूर्णकालीन” हरुको प्रयोग गरेको बताइएको छ ।

**८. वाइसिएल हिंसा सबै क्षेत्रमा घटेको प्रतित हुन्छ तर प्रमुख घटनाहरु घटिनै रहेको जानकारी छ । वाइसिएल र युथफोर्सका क्रियाकलापहरु अब आर्थिक प्राप्ति लक्ष्यतिर बृद्धि भैरहेको देखिन्छ ।**

द कार्टर सेन्टरका पर्यवेक्षकलाई यो जानकारी भएको छ कि एनेकपा(माओवादी) युवा समूह योङ्ग कम्युनिस्ट लिग (वाइसिएल) ले समग्रमा यसका हिंसक गतिबिधिलाई घटाएको छ तर धेरै जिल्लाहरुमा श्रृंखलाबद्ध गैरकानूनी कृयाकलापमा संलग्न भइनै रहेको छ । उदाहरणको लागि कास्कीमा राजतन्त्र र हिन्दु राज्यको सम्बन्धमा जनमत लिँदै गरेका राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल (राप्रपा-नेपाल) का सदस्यहरुमाथि वाइसिएल

कार्यकर्ताले आक्रमण गरेको जानकारी पाइयो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले सन् २००९ जुन महिनादेखि वाइसिएलले बाँके, कैलाली, ललितपुर र सुर्खेतमा सक्रिय रुपले सशक्त बन्द गराएको जानकारी पाएका छन् ।

कार्टर सेन्टरका पर्यवेक्षकले दिएको जानकारीअनुसार वाइसिएलका गतिविधिहरु आर्थिक प्राप्ति हासिल गर्नमा बढी लक्षित भैरहेका छन् । उदाहरणका लागि, सरकारी वा निजी ठेक्का आदिमा ठूलो अंश लिने काम गरेको देखिन्छ । प्राप्त जानकारी अनुसार कास्कीमा वाइसिएल कार्यकर्ताहरु जग्गा किनबेच र नाफाको प्रतिशतमा अंश लिने कार्यमा संलग्न भैरहेका छन् । रुपन्देहीमा वाइसिएलले विकासे ठेक्काहरु मिलाउन कथित डरधम्कीको प्रयोग गरिरहेका छन् र "मध्यस्थता सेवा" को नाममा केही अंश लिइरहेका छन् । एमालेको युवासमूह युथ फोर्स पनि केही क्षेत्रमा त्यस्तै गतिबिधि गरिरहेको जानकारी छ जसले वाइसिएल र युथ फोर्स बीचमा तनाव बढाएको छ । दोलखाको नागरिक समाजले दाबी गरेअनुसार वाइसिएल र युथफोर्सले केही समयदेखि स्थानिय ठेक्का टेण्डरमा हस्तक्षेप गरिरहेका छन् । लमजुङमा एउटा हाइड्रोपावर परियोजनानजिक भवन निर्माणका सामग्री ढुवानी र मूल्यवान पुनर्प्रयोगका सामग्रीको ठेक्का विगत केही महिनादेखि दुई युवा समूहमा झडपको कारण बनेका छन् र दलका अधिकारीहरु प्रहरीले ती आरोपको अनुसन्धान गर्न अस्वीकार गरेको दाबी गर्छन् । एमाले र एनेकपा(माओवादी) का गोरखा प्रतिनिधिहरु भन्छन् धेरै घटनाका श्रृंखलाहरुमा वाइसिएल र युथफोर्सबीचको झडप जारी समस्या हुन् ।

## ९. राजनैतिक सम्बन्धनप्राप्त व्यक्तिहरुका लागि कानूनको पालना कमजोर हुनु राजनैतिक दण्डहीनता संस्कारको पुरानै निरन्तरता हो ।

गृहमन्त्री भीम रावलको निष्पक्ष कानूनको पालना गराउने बारम्बारको सार्वजनिक प्रतिबद्धता र अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुलाई राजनैतिक संरक्षण नदिन सबै दलहरुलाई गरेको आग्रहबाट कार्टर सेन्टर उत्साहित छ । अघिल्लो केन्द्रिय तहले राजनैतिक कारण दर्शाइ नेपालको द्वन्द-पश्चातको अवधिमा कानूनको पालनालाई सशक्त तरिकाले लागू गर्न नसकेकोले कमजोर सुरक्षा वातावरणको समस्या चर्केको हो र यसले असुरक्षाको वातावरणलाई प्रेरित गर्‍यो । सुरक्षा स्थिति धेरै जिल्लाहरुमा अझै अस्थिर छ किनकी राजनैतिक सम्बन्धन प्राप्त व्यक्तिहरु उनीहरुको क्रियाकलापका लागि थोरै वा शुन्य जिम्मेवारी लिन्छन् । अस्थिरता निम्तिने खतराको महसुसले केही जिल्लाका प्रहरीहरुले दलका कार्यकर्ताको गैरकानूनी व्यवहारलाई वेवास्ता गर्छन् । प्राप्त जानकारी अनुसार काभ्रेपलान्चोकका स्थानिय अधिकारीहरुले एनेकपा(माओवादी) र एमालेले एकअर्काको पार्टी कार्यालयमा जस्तालाई तस्तै प्रत्याक्रमणहरु गरेको बारेमा अनुसन्धान गर्न अस्वीकार गरेका छन् । परिणामतः, एनेकपा(माओवादी) ले सार्वजनिक रुपमा सम्बन्धित जिम्मेवार व्यक्तिहरुसँग सशक्त प्रतिकार गर्ने घोषणा गर्‍यो । केही जिल्लाहरुबाट निष्पक्ष कानूनको लागू सम्बन्धमा सकारात्मक विवरण प्राप्त भएको छ तर यो निश्चित जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीहरुको व्यक्तिगत प्रभावका कारण मात्र सम्भव भएको हो ।

यस अलावा, धेरै जिल्लाका प्रहरीहरुले कार्टर सेन्टरका पर्यवेक्षकलाई भनेका छन् राजनैतिक दलका नेताबाट आफ्ना कार्यकर्ता छुटाउनका लागि दबावलगायत उनीहरु आफ्नो काममा राजनैतिक दलको अवरोध वा हस्तक्षेपको अपेक्षा गर्दछन् । राजनैतिक दलबीचको द्वन्दलाई सम्बोधन दलले नै गर्छन् भन्ने देखिन्छ । जब

प्रहरीले पार्टी कार्यकर्ता वा समर्थक संलग्न भएको घटनामा काम गर्न खोज्छन् स्थानिय र राष्ट्रिय राजनैतिक दलका अधिकारीहरु बारम्बार प्रहरी कारबाही रोक्न प्रयास गर्छन् । यसको स्पष्ट परिणाम के हो भने राजनैतिक दलका कार्यकर्ताहरु उनकै राजनीतिक दलसँग मात्र कृतज्ञ छन् त्यसैकारण लगभग पूर्ण दण्डहीनताको अवस्थामा कार्य गर्न सक्षम छन् ।

केही जिल्लाहरुमा नागरिकहरु या त उनीहरु पार्टीबाट त्यसो गर्न निर्देशित भएका छन् या त प्रहरी र अदालती प्रणाली स्थानिय तहमा न्याय वितरण गर्न निष्प्रभावी भएकाले न्यायका लागि राजनैतिक पार्टीतिर लागेका छन् । काभ्रेपलान्चोकमा एउटा समूहको दावी अनुसार पार्टीहरुले दुर्गम गाउँहरुका नागरिकहरुलाई मुद्दा हाल्नु भन्दा पहिले उनीहरुको स्वीकृति लिनको लागि दबाव दिएर न्यायप्रणालीमा हस्तक्षेप गरिरहेका छन् । आरोपका घटनाहरु अझै छन् जहाँ घटनाहरु राज्यका अधिकारीहरुसमक्ष ल्याउनुको साटो मानिसहरु स्थानिय माओवादीहरुतिर जान्छन् किनकी उनीहरु बढी “प्रभावकारी” मानिन्छन् । कास्कीमा द्वन्द समाधानको लागि प्रहरी वा अदालतसमक्ष जानुको साटो मध्यस्थता प्रदान गर्न वाइसिएलले अनुरोध पाइरहेको जानकारी दिइयो । यसले नेपालको वर्तमान न्याय प्रणालीको बैधतामाथि चासो देखाएको छ ।

**१०. विशेष गरी तराइमा सशस्त्र समूहका कृयाकलापहरुले सुरक्षा बातावरणलाई हैरान बनाइरहेका छन् । प्रहरीको प्रभावकारिताका केही पक्षहरु भेटिए पनि केही यस्ता समूहहरु छन् जसले सरकारको नया“ सुरक्षा नीतिप्रति चासो देखाएका छन् ।**

सशस्त्र समूहका लुटपाट, जबरजस्ती, हिंसा, धम्की, नेपाल भारत सीमा क्षेत्रमा हतियारको तस्करीलगायतका गतिबिधिहरुबारे सबै क्षेत्रबाट केही जानकारी प्राप्त भएका छन् । यस्ता कृयाकलापको स्तर बिभिन्न जिल्लामा फरक भए पनि धेरै यस्ता विवरणहरु छन् जसले भन्छन् कि कैलाली, रुपन्देही, कपिलबस्तु र मोरङमा नयाँ या पहिले नचिनिएका समूहहरु देखापरेका छन् । सशस्त्र समूहसँगको व्यवहारमा प्रहरीले केही जिल्लाहरुमा केही प्रगति हासिल गरेको छ जस्तै पर्सामा सीमाक्षेत्रमा अपराधिक गतिबिधि नियन्त्रण गर्न भारतिय र नेपाली प्रहरीको समन्वयले केही सहयोग गरेको र बाँकेमा सशस्त्र प्रहरीबलको स्थापनाले धेरै गाविसहरुमा सशस्त्र समूहको क्रियाकलाप कम गर्न सहयोग गरेको छ ।

यसको प्रतिक्रियामा सरकारले स्थानिय तहमा कानूनको पालनालाई बढावा दिन महत्वका साथ नयाँ सुरक्षा रणनीति सार्वजनिक गरेको छ । गृहमन्त्री रावलले बारम्बार सार्वजनिक विज्ञप्तिमा दाबी गरेका छन् कि नयाँ रणनीतिले अपराधिक समूहहरुलाई मात्र लक्षित गर्नेछ र उनले सबै पक्षबाट सहयोगको लागि अनुरोध गरेका छन् । धेरैले यसलाई एउटा स्वागतयोग्य विकास ठाने पनि केही समूहहरु (खास गरी लिम्बु, मधेसी र अन्य) ले कार्टर सेन्टरका पर्यवेक्षकसँग उनीहरु शायद अनुचित तवरले लक्षित हुनेछन् कि भन्ने चासो व्यक्त गरेका छन् । यो नेपाल प्रहरीको कर्तब्यबोध बमोजिम उनीहरुले जनताको समर्थन पाउन प्राप्त अधिकारको निष्पक्ष प्रयोग गर्नुपर्ने देखिन्छ । तराइमा प्रहरीले गलत तरिकाले “मुठभेड” मा घातक शक्ति प्रयोग गरेका विषयहरु पूर्ण रुपले अनुसन्धान हुनुपर्छ र यदि दोषी पाइएमा यसले स्थानिय समुदायमा तनाव बढाउन सक्ने सम्भावना रहने ताजा आरोपहरु छन् । सारांशमा, सरकारको भर्खरैको सुरक्षा रणनीति कानूनको पालनालाई प्रोत्साहन दिन सकारात्मक शुरुवात भए पनि, यदि मानवअधिकारको विशुद्ध अनुरोधका साथसाथै स्थानिय समुदायको समर्थन

जित्नको लागि "मुटु र दिमाग" कार्यक्रमको संलग्नतासहित समता र सम्पूर्णतामा कार्यान्वयन नगरिएमा यसमा दलका युवा वर्ग र कार्यकर्तासहित जनसंख्याको केही भागलाई अलग्याउने खतरा छ ।

**सुझावहरु**

राष्ट्रिय तहमा राजनैतिक वातावरण सन् २०१० अप्रिल १० को संविधानसभाको चुनवदेखि बिग्रेको कार्टर सेन्टर टिप्पणी गर्दछ । अल्पकालीन संकीर्ण सोचाइले शान्ति प्रक्रिया, संविधानको खाका कोर्ने काम र आधारभूत राज्यव्यवस्थाको मूल्यमा केन्द्रियतहमा राजनैतिक तिकडमबाजी भएको छ । अझै महत्वपूर्ण रुपमा राजनीतिज्ञहरु उनीहरुको कार्यहीनताले स्थानिय तहको समर्थनमा क्षय ल्याउन सक्ने खतराको बारेमा बेमतलब वा अज्ञात छन् जसले भविष्यमा स्थानिय विकासलाई नियन्त्रण गर्न बढ्दो असक्षमता ल्याउने र स्थानिय स्तरको रिक्तता पुरा गर्न वैकल्पिक शक्तिहरुको उदयको खतरा देखिन्छ । यो विवरणले केन्द्रिय तहको रिक्तता र स्थानिय तहको घटनाक्रमलाई जोड्ने प्रयत्न गर्छ जुन् शायद काठमाडौंमा देखिँदैन । यो स्पष्ट छ कि सबै मुद्दाहरु तत्कालै सम्बोधन गर्न सकिँदैनन् तैपनि यो आशा गरिन्छ कि सम्बन्धित पक्षहरुले उनीहरुको प्रत्यक्ष भलाइमा कार्य गर्नुपर्ने निश्चित सुझावहरुबारे जानकारी लिनेछन् । सेन्टर नेपाली अधिकारीहरु, राजनैतिक दलका सदस्य, नागरिकसमाजका कार्यकर्ता र आम नागरिकका साथसाथै अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरुलाई यो प्रतिवेदनमा सहयोग गर्न उदारतापूर्वक आफ्नो समय र शक्तिको खर्चका लागि धन्यवाद दिन चाहन्छ । तपसीलका सुझावहरु सहयोग र आदरभावका साथ अघि सारिएका छन् र यिनीहरुले भविष्यका कार्यको लागि उपयोगी छलफलका बुँदाहरु प्रदान गर्नेछन् भन्ने आशा गरिन्छ ।

- **संविधानको खाका कोर्ने प्रयासमा बल पुऱ्याउन, शान्ति प्रक्रियाको कार्यान्वयन गर्न र आधारभूत शासनलाई अगाडी बढाउन सबै मुख्य राजनैतिक दलहरु सम्मिलित एउटा राष्ट्रिय एकताको सरकार निर्माण गर । अन्ततः यो नै सबै दलको प्रत्यक्ष स्वार्थ हो ।** यस अतिरिक्त, हाल जारी एनेकपा(माओवादी)को संसदमा अवरोधसहित सबै ध्वंशात्मक दाउपेचको समाप्ति र विस्तृत शान्ति सम्झौताको भावना विरुद्धका उत्तेजक प्रतिक्रियाहरु बन्द गर ।
- **राजनीतिक विवादलाई समाधान गर्न प्रस्तावित उच्चस्तरिय शान्ति संयन्त्र र सहमतिहरुको कार्यान्वयनको मूल्यांकन गर्न एउटा शान्ति प्रक्रिया अनुगमन संयन्त्र सक्रिय बनाउ जसले सबै प्रमुख दलहरुको क्षीण हुँदै गैरहेको बैधतालाई नियन्त्रण गर्नेछ ।** खास गरि विस्तृत शान्ति सम्झौता र सम्बन्धित अन्य सम्झौताहरुले स्थापना गरेका साझा विषयसूचिहरुमा शान्ति प्रक्रियाले हालसम्म प्राप्त गरेका सफलताहरुको निर्धारण गर, सम्झौताका कार्यान्वयन हुन बाँकी बुँदा पहिचान गर; बाँकी रहेका विषयसूचि सामग्रीलाई एक एक गरि प्रक्रियामा ल्याउने प्रतिबद्धता; र ती सम्झौतामा भएका शर्तहरुको व्याख्याका विवादहरु समाधान गर ।
- **हतियार तथा सेना व्यवस्थापनको अनुगमन सम्झौतामा सहमति भए अनुसार नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायलाई एनेकपा(माओवादी)को शान्तिप्रक्रियाप्रतिको वचनबद्धताको प्रदर्शन गर्न तत्कालै अयोग्य माओवादी लडाकुहरुको निष्काशन प्रक्रिया थाल ।** अयोग्य लडाकुहरुलाई उनीहरुको सम्भाव्य विकल्पहरुको बारेमा जानकारी गराउने प्रक्रिया जारी गर र उनीहरुलाई सबै दलहरुले पहिले नै सहमति गरिसकेका शर्तहरु, आगामी निष्काशन प्रक्रिया र समय सीमाको बारेमा जानकारी गराउ ।

- **सबै प्रमुख दलहरुको सहभागितामा सेना समायोजन विशेष समितिलाई सक्रिय बनाउ ।** प्राविधिक समितिको सहयोगमा सेना समायोजन विशेष समितिले माओवादी लडाकुहरुको समायोजन र पुनर्स्थापनाबारे व्यवहारिक उपायहरु छलफल गर; विस्तृत शान्ति सम्झौता र हतियार तथा सेना व्यवस्थापनको अनुगमन सम्झौतामा भए बमोजिम नेपाली सेनाको लोकतान्त्रिकरणसम्बन्धमा विस्तृत कार्ययोजना बनाउ । यी प्रबल मुद्दाहरु समाधान नभै शान्ति प्रक्रिया निष्कर्षमा पुग्दैन भन्ने राजनीतिक वास्तविकताको पहिचान गरि यी कदमहरु चालिनु पर्छ ।
- **संविधानको खाका तयार पार्ने कार्यलाई अघि बढाउन तथा नेपाली जनतालाई गम्भीरता देखाउन संवैधानिक समितिको अध्यक्ष निर्वाचित गर ।** यस अलावा, संविधानसभा समितिहरुलाई प्रभावकारी ढंगले काम गर्न सक्षम तुल्याउनका लागि नयाँ संविधानका आधारभूत सिद्धान्तमाथि हाल जारी रहेका मूलभूत असहमतिहरुलाई समाप्त पार्न दलका वरिष्ठ नेताहरुले सक्रियतापूर्वक समय समर्पित गर्नुपर्छ ।
- **राज्य पुनर्संरचनाको मुद्दामा सम्बन्धित सीमान्तकृत समूहको अवधारणा माग्न प्रभावकारी उपायको खोजी गर, जसमा संघीयताका थुप्रै प्रकारका प्रतिस्पर्धी दावा र व्यवहारिक अभिप्रायको बारेमा छलफल हुन्छ ।** यसमा सबै प्रमुख राजनीतिक दलका प्रमुख नेताहरुका साथसाथै राज्य पुनर्संरचनाका धेरै प्रकारलाई बढावा दिइरहेका संगठनका नेताहरुको सहभागितामा “सरोकारवालाहरुको सम्मेलन” हुन सक्छ । यस्तो कार्यक्रम राज्य पुनर्संरचनाको लागि एउटा यथार्थपरक राष्ट्रिय छलफल हुनसक्छ जो स्थानिय तहसम्म लैजान सकिन्छ र नागरिकहरुलाई सम्भाव्य विकल्पको बारेमा यथार्थ जानकारी दिन सकिन्छ । बिगार्नेहरुलाई रोक्न, एक्लै स्व-अभिबृद्धि गर्ने अतिवादीहरुलाई किनारा लगाउने मध्यमार्गी आवाजहरुलाई प्रबर्द्धन गर्ने पाइला चाल जो छलफलका लागि फलदायी हुन्छन् ।
- **अन्य धेरै सहित रोजगारीमा आरक्ष, भाषाको पहिचान तथा राज्य पुनर्संरचनासहितका स्थानिय तहमा धेरै पटक उठाइएका विवादास्पद संवैधानिक मुद्दाहरुमा नागरिकहरुको धारणा स्पष्ट र सीधा तरिकाले माग ।** नागरिकको धारणा लिने सम्भाव्य तरिकाहरुमध्ये समूहगत अनुसन्धान वा जनमत हुन सक्छन् । यसैगरि, जनताको दैनिक जीवनलाई असर पुऱ्याउने संवैधानिक मुद्दाहरुको बारेमा जानकारी गराउ र तीनका असन्तुष्टिहरुलाई मत्थर पार्न अपेक्षाहरुको व्यवस्थापन गर । पहिले निर्वाचन आयोगले प्रयोग गरेजस्तै गरि रेडियो फोन कार्यक्रम, सार्वजनिक छलफल, सामुदायिक नाटक, वा नागरिक शिक्षा स्वयमसेवकहरुको व्यवस्था गर ।
- **जनतालाई आइएलओ १६९ को बारेमा र नेपालमा सो अनुबन्धको पालनाको लागि चालिएका कदमहरुको बारेमा यथार्थ जानकारी देउ ।** सरकारले यो अनुबन्धलाई कसरी कार्यान्वयन गर्ने भन्ने योजनामा सम्बन्धित आदिवासी/जनजाती समूहका प्रतिनिधीहरुलाई पनि समावेश गराउनु पर्छ ।
- **भूमि सम्बन्धी द्वन्दको जटिल चुनौतिहरु पूर्णरुपले समाधान नभएसम्म नेपालको शान्ति प्रक्रिया र भावी शान्तिलाई खल्बल्याइरहने छ भन्ने तथ्यलाई हृदयंगम गर्दै विस्तृत शान्ति सम्झौतामा भएका प्रतिबद्धताहरु अनुरुप बिनाशर्त सम्पत्ति फिर्ता र सरकारद्वारा वैज्ञानिक भूमिसुधार नीति निर्माणको कार्यान्वयन गर ।** अति प्रभावित जिल्लाहरुमा सम्पत्ति फिर्ताको स्थिति र अवरोधहरुको मूल्यांकन गर्न र भूमिसुधार नीतिनिर्माणका बारेमा जानकारी गराउन एउटा उच्च-स्तरिय सर्वदलीय मूल्यांकन नियोग सञ्चालन गर्न विचारविमर्श गर ।

- **स्पष्ट आधारमा आधारित भएर स्थानिय शान्ति समितिहरुको अध्ययन गरि तिनको सफलताको लागि उपयोगी तथ्यहरुको पुनर्प्रयोग गर्ने प्रयत्न गर ।** स्थानिय शान्ति समितिहरुको स्थापनालाई जिल्लाहरुमा विश्वसनिय शान्ति कायम गर्ने संयन्त्रको रुपमा हेर ।
- **द्वन्द पीडित व्यक्तिहरुले हाल जारी राहत प्रक्रियामा समताको व्यवहार पाउ"छन् र प्रक्रिया पारदर्शी एवं उत्तरदायी छ भन्ने सुनिश्चित गराउ ।** यसअलावा, शारिरीक, मानसिक र भावनात्मक आघातबाट गुज्रिरहेकाहरुलाई सम्बोधन गर्नका लागि गैर-आर्थिक राहत समावेश गर्न प्रयत्न गर्ने मनन गर ।
- **कुनै पनि राज्यका अधिकारीले नियन्त्रण गर्न असाध्यै अप्ठेरो हुनसक्ने कानूनहीनतातर्फको अवरोहबाट जोगिन पार्टी समर्थक र युवा समूहका सदस्यहरुसहित जुनसुकै राजनैतिक सम्बन्धन भए पनि अपराधिक क्रियाकलापमा लागेका व्यक्तिलाई कानूनी कारबाही चलाउ ।** अपराधिक हिंसा जस्तै जबरजस्ती र गैरकानुनी करअसुलीका बिरुद्धमा कानूनी कारबाही गर । यस्ता कार्य धेरै समूहहरुले अलग अलग राजनैतिक मुद्दाका साथ गरिरहेका छन् तर ती सबैको परिणाम सुरक्षा वातावरणमा पर्छ ।
- **सरकारको नया" सुरक्षा नीतिका फाइदाहरुलाई जनताको नकारात्मक धारणाले अस्पष्टता नल्याओस् भन्ने सुनिश्चित गर्न सुरक्षा रणनीति कार्यान्वयन गर्दा सबै खालका मानवअधिकारका मापदण्डको पालना गर ।** स्थानिय कानून लागू गराउन समुदायको सक्रिय सहभागिता हुनुपर्छ, समुदायलाई रणनीति परिवर्तनबारे जानकारी दिनु पर्छ र चालु प्रक्रियालाई अधिकतम सम्भाव्यसम्म प्रयोग गर्ने प्रतिबद्धता अनुमोदन गर्नु र देखाउनु पर्छ ।